# पञ्चपुरी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बाबियाचौर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

प.सं.: प्र.०७८/०७९
च.नं.: २९५५

मिति : २०७९/०१/११

श्री कर्मचारी तथा शिक्षक सबै
पञ्चपुरी नगरपालिका, बाबियाचौर, सुर्खेत ।

**विषय : निर्वाचन आचार संहिता २०७८ परिपालना सम्बन्धमा ।**

प्रस्तुत विषयमा निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन २०७९ लाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त वातावरणमा सम्पन्न गराउन मिति २०७८/१२/०३ मा निर्वाचन आचारसंहिता, २०७८ जारी गरेको सर्वविदितै छ । उक्त आचारसंहिताको परिच्छेद-३ मा पदाधिकारी, कर्मचारी तथा निकायले पालना गर्नुपर्ने आचरणहरुको व्यवस्था गरेकोमा तपसिलमा उल्लेखित आचरणहरुको जिम्मेवारीपूर्वक पालना गर्नु गराउनु हुन् अनुरोध छ । साथै, आचारसंहिता उल्लघंन भएको पाइएमा प्रचलित कानून बमोजिम कार्वाही हुने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल :

१. कुनै राजनैतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन नहुने ।
२. कुनै राजनैतिक दल वा उमेदवारले आयोजना गरेको बैठक सभा कार्यशाला गोष्ठी सम्मेलन र अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने ।
३. कुनै राजनैतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन अथिती गृह सभागृह सवारी साधन वा अन्य सामाग्री प्रयोग गर्न दिन नहुने ।
४. निर्वाचन आयोगले तयार पारेको निर्वाचन शिक्षा र निर्वाचन प्रचार प्रसारका कार्यक्रम बाहेक राजनैतिक प्रकृतिका कुनै पनि कार्यक्रम गर्न नहुने ।
५. उमेदवार वा राजनैतिक दलको कुनै पनि प्रचार प्रसारको सामाग्री राख्न टाँस्न वा प्रचार प्रसार गर्न नहुने ।
६. सामाजिक सञ्जालमा राजनैतिक दलको कुनैपनि प्रचार प्रसारका सामाग्री राख्न टाँस्न वा प्रचार प्रसार गर्न नहुने ।
७. सामाजिक सञ्जालमा राजनैतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश सूचना प्रचार प्रसारका सामाग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने ।

रोमाकान्त पाण्डेय
(प्रमुख प्रशासकीय अधिकृत)

रोमाकान्त पाण्डेय
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ :

श्री जिल्ला प्रशासन कार्यालय, सुर्खेत ।
श्री इलाका प्रशासन कार्यालय, बाबियाचौर ।
श्री वडा कार्यालयहरु सबै, पञ्चपुरी नगरपालिका, सुर्खेत : (पत्रानुसार गर्नुहुन्)
श्री विद्यालयहरु सबै पञ्चपुरी नगरपालिका, सुर्खेत (पत्रानुसार गर्नुहुन्)
श्री सूचना प्रविधि शाखा :( :पत्राचार गरिदिनुहुन्/Face book page/Website मा अपलोड गरिदिनुहुन्)